नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

मितिः २०८१/१२/२०

## अनुशासन सम्बन्धी उजुरी उपर सदस्यलाई सचेत गराइएको बारे सूचना ।

एक वन उपभोक्ता समुहको लेखापरीक्षण गर्ने संस्थाका "घ" वर्गका एक लेखापरीक्षकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिम कसुर गरेको आरोप सहित श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको आधारमा डिभिजन वन कार्यालय मोरङ्गबाट नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(१) तथा नियमावली २०६१ को नियम ८० बमोजिम संस्थामा उजुरी दर्ता भएकोमा उजुरीको सम्बन्धमा छानविन गर्दा आरोपित लेखापरीक्षकले उक्त वन उपभोक्ता समुहको लेखापरीक्षण गर्ने क्रममा उजुरीकर्ताले आरोप लगाए अनुसारको भ्रष्टाचारमा संलग्न भएको कुनै प्रमाण फेला नपरेको तथा विशेष अदालतले भ्रष्ट्राचार मुद्धामा लेखापरीक्षकलाई सफाई दिएको पत्र प्राप्त भएकोबाट निज लेखापरीक्षकले जानाजान कुनै गम्भीर तथा कसुरजन्य गल्ती गरेको मान्न मिल्ने अवस्था नदेखिएकातापनि उक्त समूहको आय हिसाबको यथार्थता यकिन गर्ने सम्बन्धमा आवश्यक लेखापरीक्षण प्रक्रिया पुरा गरेको नदेखिएको, लेखापरीक्षण गर्ने क्रममा नेपाल लेखापरीक्षणमानका आधारभूत आवश्यकताको समेत पालना गरेको नदेखिएको, लेखापरीक्षण सम्बन्धी कागजात तथा प्रमाण पेश गर्न नसेको र आफ्नो कमजोरी स्वीकार गरी यसप्रकारका गल्ती कमजोरी नदोहोर्याउने प्रतिवद्धता समेत व्यक्त गरेकोले निजले गरेको कमजोरी प्रति निज लेखापरीक्षकलाई अनुशासन छानबिन कार्यविधिको दफा ५(११) बमोजिम निज लेखापरीक्षकलाई एक पटकको लागि सचेत गराउने र निज उपरको उजुरीलाई तामेलीमा राख्ने निर्णय परिषदको मिति २०८१ चैत्र ०७ गते बसेको ३४४ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोटः*
*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

.............................
सिए. सुरेन्द्र भूषण श्रेष्ठ
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np